# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. ..................

मिति: २०८२/०८/१०

**दर्शनाचार्य-विद्यावारिधि (M Phil-PhD) सह तेस्रो सेमेस्टरको शोध-प्रवन्धको अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित दर्शनाचार्य-विद्यावारिधि (M. Phil-PhD) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०२३ का विद्यार्थीलाई तेस्रो सेमेस्टरको शोध-प्रवन्धको निमित्त २०८२ साल मंसिर २५ गतेभित्र तपसिल बमोजिम अनलाइन फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीद्वारा आफू अध्ययनरत विभागको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाइन परीक्षा फाराम भर्न सकिने छ। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिने छ।

- **परीक्षा फाराम भर्ने समयावधि :** मिति २०८२ साल मंसिर १० गतेदेखि २५ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०८२ साल पौष ०१ गते राति १२:०० बजेसम्म।
- **परीक्षा दस्तुर :** तेस्रो सेमेस्टरका नियमित परीक्षार्थीहरूका लागि रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) (विद्यार्थीहरूले Online फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत फाराम दस्तुर तिर्नुपर्ने छ र जम्मा भइसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराइन्छ)।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभागमा सम्पर्क राख्नुपर्ने छ।
- परीक्षार्थीहरूले त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्य रूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेशन नं. नभएका परीक्षार्थीको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो र फाराममा तोकिएको ठाउँमा दस्तखत Upload गर्नुपर्ने छ।
- सम्बन्धित विभागले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०८२ साल मंसिर २६ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष ०२ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीको प्रवेश-पत्र मिति २०८२ साल मंसिर २७ गतेदेखि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन्।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल। टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np